Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ९, २०७९ साल असोज ४ गते मंगलबार (Sep 20, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# न्यायालयमा देखिएका काजगका खोष्टाहरु छरपष्ट

**मोहन कार्की ,**

यतिवेला देशमा न्यायालयको बिषयलाई लियर विवादहरु शुरु भएका छन् । यो नेपाल देशका लागि शुभ संकेत होइन । यस्त विवादहरु आज मात्र आएका भने होइनन् । विगतकामा पनि आएका थिए । तर यस्तो चरम आफैले अफैलाई जोगाउन न्यायालयमाथि गरिएको हर्कत पखर राजनीतिक बिश्लेषक डा. सुरेन्द्र केसीको भनाईलाई आधार मान्दा कहिल्यै भएका थिएनन् ।

न्यायालयमा कागतका गोदाम थुपारेर सर्वसाधरणलाई न्यायालय देखाउने र आफु अनुकुलका कार्यन्वयन गर्ने चलन विगतका इतिहाँसहरुले देखाएकै थिए । नेपालकमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जस्ता व्यवस्थाहरु परिवर्तन भए संविधान, ऐन कानुन बने तर सर्वसाधरण जनतालाई न्याय दिने चलनमा कहिल्यै परिवर्तन आएन र राजनीतिक नियुक्तिमा प्रधानन्यायाधिस बन्ने होडमा लागेकाहरुको नै बाहुल्यता देखियको छ । हेर्दा वकिल, न्यायाधिस तर दलीय पार्टीका झण्डा बोकेर तिनै राजनीतिक पार्टीहरुले गरेका गलत कृयाकलापहरुको संक्षण र तिनै पार्टीहरुले अह्रायका काम गर्ने प्रबृति बसिराखेकै थियो ।

कुन पार्टीको सरकार आउदा कुन व्याक्ति प्रभावशाली हुने र को न्यायाधिस बन्ने सरकारी वकिलको कार्यलयको



महान्यायाधिवक्ता बन्ने भन्ने चलनले नै प्रथामिकता पाइराखेका थिए । पार्टीभित्रकै पनि राम्रोले भन्दा हाम्रो हुनुपर्ने चलनले न्यायालयमा मुसाले धुजा पारेका काजगका टुक्राहरु जस्तै न्यायालय धुजा धुजा हुदै गएको थियो । ति धुजाहरु कहिलेकाही सडकसम्म पोखिएर आउने गर्थे तर कसैको चासो जाने गरेको थियन ।

कानुनका अक्षरहरुमा जे लेखिएको भएपनि सरकारको मातहतमा गर्ने निर्णयले नेपाली जनता विश्वस्त थिएनन् नै । तर ती न्यायालयहरुमा कागजका गोदामहरु देखाएर नेपालमा कानुनी राज्य छ भन्ने नेपाली जनताहरुलाई देखाईराखेका थिए ।

ती थुपारिएका अदालत,का गोदामहरुका कागजहरु अन्यायमा परेका मानिसहरुले न्याय पाएका होलान् भन्ने सर्वसाधरण नेपाली जनताको विश्वास थियो र त्यसैरी नै बुझेका थिए । तर त्यो सवै कागजका खोष्टा रहेछन् भन्ने अवस्थामा अहिलेको सर्वोच्च अदालतमा निलम्बनमा परेका पुर्व प्रधानन्यायाधिस चोलेन्द्र शम्शेरको महाअभियोगले न्यायालयको विवाद सतहमा ल्याईदिएको छ ।

तिनै कागजहरुमा जे जे लेखिएका छन् । ति अव सडकमा छरपष्ट हुन लागेको जस्तो भान निलम्बित प्रधानन्यायाधिस चोलेन्द्र शम्शेर राणाको अभिब्यक्ति स्पष्टिका क्रममा आएवाट आईरिसकेका छन् ।

निलम्बित प्रधानन्यान्याधिस चोलेन्द्र शम्शेरले दिएको स्पष्टिकरणको बिषय पछि उठेको संसदहरुमा नैतिक प्रश्न, संकट त्यति सजिलै सावधान हुने देखिदैन । उनले विगतमा संसद, मन्त्री र वाहालवाल मन्त्री संसदहरुको समेत केही विवादित मुद्दाको बिषयमा स्पष्टीकरणमा उल्लेख गरेको हुनाले महाअभियोग कति ठिक कति वेठिक, निलम्बित प्रधानन्यायाधिस चोलेन्द्रकै भनाईलाई आधार मान्दा स्पष्टिकरण सातदिन भित्र दिइसक्नुपर्ने तर ६ महिना बितिसकेको हुनाले स्वत प्रधान नयायाधिसको हैशियतमा फर्किन पाउनुपर्ने उनको जिकिर छ । र केही दिनदेखि निलम्बित बाँकी ६ पृष्ठमा

## नाडाले गरयो इभि एक्स्पोको घोषणा

काठमाडौ । नाडा अटोमोवाइल्स् एशोशियसन अफ नेपालद्वारा यही असोज ६ देखि ९ गते सम्म नेपालमा पहिलो पटक विद्युतीय सवारी साधन, पार्ट पुर्जा, वित्तिय सेवा एवं अन्य सम्बन्धित सरोकारवाला संघ संस्थाहरुको भव्य प्रदर्शनी हुने भएको छ ।

सिएट द्वारा प्रायोजित नाडा इभि एक्स्पो २०२२ (CEAT presents NADA EV Expo2022) आयोजना गरिने भएको छ । काठमाडौंको




भृकुटी मण्डप प्रदर्शनी स्थलमा आयोजना हुने उक्त एक्स्पोमा नेपाल विद्युत प्राधिकरण सहयोगी संस्थाको रुपमा सहभागि भएको छ भने USAID Clean Air ले नलेज पार्टनरको रुपमा इभी चौतारी नामक तीन दिने सुचनामूलक गोष्ठीको सन्चालन गर्ने भएको छ । एक्स्पोको शिर्ष प्रायोजक ( Title Sponsor) सिएट टायर रहेको छ भने, सह-प्रायोजकमा शिखर इन्सुरेन्स् कम्पनी लिमिटेड तथा डिजिटल पेमेन्ट पार्टनरमा खल्ती डिजिटल पेमेन्ट रहेको छ । एक्स्पोको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेजले गरी रहेको छ । बर्तमान समयमा विद्युतिय बाँकी ६ पृष्ठमा

## रामेछाप संस्कृतिक साँझ असोज ९ गते कोटेश्वरमा हुने

काठमाडौं । रामेछापको सान कला संस्कृति हाम्रा पहिचान भन्ने




मुल नाराका साथ रामेछाप संस्कृतिक कलाकार समाजले आयोजना गर्न लागेको रामेछाप संस्कृतिक साझ यहि २०७९ असोज ९ गते काठमाडौको एवान पार्टी प्यालेस कोटेश्वरमा दिउसो ३ बजेवाट हुने भएको छ ।

यस कार्यक्रमको जानकारी दिदै रामेछाप संस्कृतिक कलाकार समाजका अध्यक्ष कुमार कार्कीले भने रामेछापवाट काठमाडौ आई बिभिन्न पेशा, व्यवसायमा आवद्ध रामेछापका नागरिकहरुलाई नेपालीहरुको महान पर्वको अवसर पारेर कार्यक्रम गर्न लगेका हौ ।

यस संस्थाले आयोजना गर्ने कार्यक्रममा कुनै पार्टी, जाति, भाषाको रुपमा कसैलाई नछुटाइने रामेछाप जिल्लाका सवै रामेछापबासीहरुको साझा संस्था भएको हुनाले सवै रामेछापवाट काठमाडौ आई बसोबास गरिरहनु दाजुभाई, दिदीबहिनीहरुलाई यसै जनआकाश मिडियाको समाचारलाई आधार मानेर पनि कार्यक्रममा उपस्थिति भई मनोरञ्जनको भरपुर फाइदा उठाउनु हुन अनुरोध छ । अध्यक्ष कार्कीले गरेका हुन् ।

कार्यक्रमा रामेछापका ख्यातिप्रप्त गायक, गीतकार, मोडल, कलाकारहरुको उपस्थिति रहने पनि अध्यक्ष कार्कीले कुराकानीकै क्रममा जानकारी दिएका छन् । उक्त कार्यत्रमको मुख्य प्रयोजक गोर्खा बुअरी रहेको छ भने सह प्रयोजक सफ्टी पेपर इन्डष्ट्रिज प्रा.लि. रहेको छ । भने मिडिया पार्टनरको रुपमा जनआकाश मिडिया प्रा.लि.अर्न्तगतको जन आकाश साप्ताहिक, हजुरको रेडियो रामेछाप, रामेछाप पोष्ट साप्ताहिक, तामाकोशी अनलाइन, लगायत रहेका छन् । २० भन्दा बढी संस्थाहरुले कार्यक्रमलाई सहयोग गरेका छन् ।

## शुद्धीकरण गर्दै पुनः हिन्दू धर्ममा स्वागत

जनकपुरधाम । विश्व हिन्दू परिषद् नेपाल, जनकपुरधामद्वारा शुद्धीकरण यज्ञ (घरवापसी कार्यक्रम) सम्पन्न भएको छ । परधर्म अपनाएका स्वजनहरुलाई पुनः



स्वधर्ममा स्वागतका लागि अयोजित उक्त कार्यक्रममा विविध कारणले स्वधर्म ( हिन्दूधर्म) छोडेर इसाईकरणको षड्यन्त्रमा फसेर धर्मान्तरित भएका हिन्दू समाजका १७ परिवारका ५० जना पुनः स्वधर्ममा (हिन्दूधर्म) बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# मसिंर ४ को निर्वाचनमा असल, योग्य र दक्ष नेतृत्व छानौं

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जस्ता ब्यवस्थाहरु स्थापित भइसक्दा पनि असल, योग्य, देशको कुशल ब्यवस्थापक देशले पाउन सकेको छैन । जम्माजम्मी ३ कारोड जनसंख्या रहेको नेपालमा देशवाट झण्डै बार्षिक ५० लाँखको हाराहारीमा रोजगारको लागि विदेशमा नेपालीहरु गईराखेका छन् । पढ्न जाने बिद्यार्थीको संख्या पनि जोड्ने हो भने त संख्या अझै धेरै छ ।

गणतन्त्र सम्मको परिवर्तन भनेर धेरैवटा लडाई लडेका नेपालीले अहिलेसम्म थुप्रै परिवर्तन नेपाली जनताले ल्याए तर परिवर्तन पछि जनताको जीवनस्तरमा ल्याउनु पर्ने कुशल नेतृत्व भने नेपालले कहिल्यै पाएको छैन । यस्तै ५ बर्षमा आउने निर्वाचनमा लाईन बसेर पटक पटक मतदान गर्ने जनताले जानी जानी हो वा भुलवस तिनै असफल भईसकेका नेतृत्वहरुलाई नै मतदान गरेको जस्तो देखिन्छ ।

जसले गर्दा नेपाली जनताले अहिलेसम्म परिवर्तनको महसुस गर्न पाएका छैनन् । यस्तो अवस्था आउदा पनि पटक पटक तिनै असफल भइसकेका पात्राहरुले निर्वाचनमा किन बिजय हाशिल गर्छन जस्ता प्रश्नहरु पनि उठेका छन् । कसै कसैले त मतदान पेटिका फेरवदल गरेर निर्वाचन जित्छन् जस्ता आरोपहरु पनि वेला वेलामा लाग्ने गरेको छ । लोकतान्त्रिक गणतन्त्रमा यस्तो भएको हो भने नेपालमा लोकतन्त्र छैन भन्ने हुन्छ ।

यदि त्यस्तो भएको होइन रहेछ भने जनताले विगतमा तिनै असफल भइसकेकालाई अवत सुध्रिन्छकि भन्दै पटक पटक मतदान गरेर जिताउदै पठाउदा देशको अवस्था झनझन बिग्रान पुगेका छन् । यी यस्ता विगतका विजयी भएका नेतृत्वहरुले जनता र देशको काम गर्न नसकेका कारणहरुवाट नेपालका नागरिकहरुले आउदै गरेको २०७९ मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा असल, योग्य लागेका पत्यारिलो आधार तयार अर्थात विश्वसनीय उम्मेद्धारहरुलाई निर्वाचनमा अमूल्य मतदान गरी आफ्नो नेतृत्व आफैले छान्ने काम आफैले गर्नुपर्ने जिम्मेवारी आईलागेको देखिन्छ ।

यस्तो महत्वपूर्ण जिम्मेवारी जनताको हातमा छ । आफ्नो अधिकार सही समग्र समाजको पक्षमा र देशको हितमा हुने पत्यारिलो आधार तयार गर्न सक्ने नेतृत्वलाई मात्र मतदान गरेर जनताले समग्र समाजको र देशको असल साशन, ब्यवस्था लागु गरेर परिवर्तनको महसुस आफैलाई हुने गराउने नेतृत्वलाई बिजयी गराएर पठाएमा र वेला वेला नेतृत्वले गर्न नजानेका वा जानेर बाटोभन्दा बाहिर जान थाल्यो भने त्याहा भीर छ । भीरवाट लड्ने मात्रै हो काही पुगिदैन भनेर सचेत गराउने पनि जनताले नै हो । यस्तो जनताको विश्वसिलो आधार तयार गर्न सक्ने नेतृत्वलाई नै छान्न जनताले पनि सोचेका जस्तो समाजमा कुराहरु सुनिएका छन् । त्यो अत्यन्तै राम्रो पक्ष हो ।

यस्ता सर्वाधिकार जनतामा हुदाहुदै पनि लोकतान्त्रिक गणतन्त्र स्थापना जो कि विश्वमा लोकतन्त्र आफैमा अनुशासित ब्यवस्था ठानिएको छ । यस्तो ब्यस्था नेपालमा भने असफल हुदै जानु गलत नेतृत्व, अपरिपक्क नीति, कार्यन्यवन गराउने पक्ष फितलो भएको कारणले गर्दा नै नेपालको अवस्था गरिवी, अभाव, बेरोजगार जस्ता समस्या ज्यूका त्यू रहेका छन् ।

यस्ता समस्यालाई निरुपण गर्न असल, योग्य, सक्षम नेतृत्वले आउदो निर्वाचनमा प्रतिस्पर्धा गरेर पत्यारिलो आधार तयार गर्ने र देशको सम्भावना बोकेका क्षेत्रहरुलाई समेटेर दैनिक रुपमा देशको भविष्य नदेखि देशवाट पलायन भईरहेका युवापुस्तालाई नेपाललाई नै रोजगार सृर्जना गर्ने र नेपालका जति प्रकृतिले दिएका सुन्दर हिमाल, ताल, तलैया, झर्ना, पाहाड पखेरा छन् । त्यस्तै सुन्दर कामहरु पनि गरेर विश्वको अग्लो शिखर सगरमाथा उभिए जस्तै उत्कृष्ट सोच भएका नेपाली नेतृत्व नेपालमा हुन्छन् भन्ने प्रमाणित गर्न युवा नेतृत्वहरुले देशलाई विकासको गतिमा लान आट गर्नैपर्छ । त्यसको लागि जनताको मतदान महत्वपूर्ण छ । त्यसैले योग्य, दक्ष, अनुभवि, असल साशनको पक्षधरहरुलाई निर्वाचनमा मतदान गरी देशको भविष्यको सपना कोरौ ।

# संविधानका सात वर्ष : कति उपलब्धि ?

**धनसूदन चौलागाई**

तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेरले २००४ मा नेपाल सरकार वैधानिक कानुनको घोषणा गरेपछि नेपालमा संवैधानिक विकासको प्रारम्भ भएको हो । तर, यो संविधान लागू हुन भने सकेन । प्रजातन्त्रको स्थापनासँगै तत्कालीन राजा त्रिभुवनबाट अन्तरिम शासन विधान २००७ जारी भयो । जारी भई लागू भएको यो पहिलो संविधान हो । अबदेखि हाम्रा प्रजाको शासन उनीहरूले आफैंले रोजेको विधान परिषद्ले बनाएको प्रजातन्त्रात्मक विधानअनुसार हुनुपर्छ र अन्तरकालीन समयमा अन्तरिम सरकारले एक कुनै विधान र निश्चित नियम र सिद्धान्तबमोजिम काम गर्नुपर्ने आवश्यकसमेत हुनाले भनी अन्तरिम व्यवस्थापनका लागि जारी भएको यस शासन विधानअनुसार विधानसभाको निर्वाचन भने हुन सकेन र अन्ततः बेलायती संविधानविद् सर आइभर जेनिङ्सको सल्लाह र सहजीकरणमा तयार भएको नेपाल अधिराज्यको संविधान, २०१५ शाही घोषणाबाट जारी भई लागू भयो ।

२०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट निर्वाचित सरकार अपदस्थ तथा संसदीय प्रजातन्त्रको अन्त्य भएपछि निर्दलीय प्रणाली अनुरूप संविधान मस्यौदाका लागि ऋषिकेश शाहको अध्यक्षताको समितिले तयार गरेको मस्यौदालाई शाही घोषणाद्वारा नेपालको संविधान २०१९ पुस १ देखि लागू गरियो । २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको पुनस्थापना भएपछि विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुझाव समितिले तयार र मन्त्रिपरिषद्ले सिफारिस गरेअनुसार तत्कालीन राजा वीरेन्द्रबाट २०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका र न्यायिक पुनरावलोकन, द्विसदनात्मक व्यवस्थापिका, आधारभूत मानव अधिकार र हिन्दू अधिराज्य यसमा मुख्य विशेषता थिए । यसको कार्यान्वयनकालमा नै मुलुक उदार अर्थनीति अंगीकार गर्दै विश्वव्यापी करणमा समाहित भएको थियो ।

दोस्रो जनआन्दोलनको परिणाम स्वरूप तत्कालीन पुनर्स्थापित प्रतिनिधिसभाले पारित र अन्तरिम व्यवस्थापिकाले अनुमोदन गरी २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । यसै संविधानबमोजिम गणतन्त्र घोषणा, समानुपातिक समावेशी सिद्धान्तका आधारमा संविधानसभाको निर्वाचन र सो सभाबाट नेपालको वर्तमान संविधान निर्माण भई २०७२ आश्विन ३ गतेदेखि लागू भयो । नेपालको संवैधानिक विकासको इतिहासमा वर्तमान संविधान सातौं संविधान हो । गणतन्त्र, संघीय राज्य एवं तीन तहका सरकार, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व, संसदीय शासनप्रणाली, मौलिक एवं मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, बालिग मताधिकार, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यजस्ता लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धतासहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको संकल्प यस संविधानका प्रमुख विशेषता हुन् ।

नेपालको वर्तमान संविधान जारी भएको सात वर्ष पूरा भएको छ । संविधान कार्यान्वयनको समीक्षा गर्दै अपूरा कार्यलाई पूर्णता दिने संकल्प गर्नेबेला हो यो । संविधानको कार्यान्वयन भन्नु नै संघीय प्रणालीअनुरूपका राजनीतिक र प्रशासनिक संरचना स्थापना एवं तिनीहरूको सबलीकरण हो । जसअन्तर्गत संविधानको व्यवस्थाबमोजिम तीनवटै तहका निर्वाचन सम्पन्न भई निर्वाचित सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कानुन, नीति, योजना र बजेट निर्माण तथा कार्यान्वयन, आधारभूत संरचना निर्माण र प्रणाली विकास तथा कार्यपालिकीय र व्यवस्थापिकीय कार्यको

> **२०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट निर्वाचित सरकार अपदस्थ तथा संसदीय प्रजातन्त्रको अन्त्य भएपछि निर्दलीय प्रणाली अनुरूप संविधान मस्यौदाका लागि ऋषिकेश शाहको अध्यक्षताको समितिले तयार गरेको मस्यौदालाई शाही घोषणाद्वारा नेपालको संविधान २०१९ पुस १ देखि लागू गरियो । २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको पुनस्थापना भएपछि विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुझाव समितिले तयार र मन्त्रिपरिषद्ले सिफारिस गरेअनुसार तत्कालीन राजा वीरेन्द्रबाट २०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र, स्वतन्त्र न्यायपालिका र न्यायिक पुनरावलोकन, द्विसदनात्मक ब्यवस्थापिका, आधारभूत मानवअधिकार र हिन्दू अधिराज्य यसमा मुख्य विशेषता थिए । यसको कार्यान्वयनकालमा नै मुलुक उदार अर्थनीति अंगीकार गर्दै विश्वब्यापीकरणमा समाहित भएको थियो ।**
>
> **दोस्रो जनआन्दोलनको परिणामस्वरूप तत्कालीन पुनर्स्थापित प्रतिनिधिसभाले पारित र अन्तरिम ब्यवस्थापिकाले अनुमोदन गरी २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । यसै संविधानबमोजिम गणतन्त्र घोषणा, समानुपातिक समावेशी सिद्धान्तका आधारमा संविधानसभाको निर्वाचन र सो सभाबाट नेपालको वर्तमान संविधान निर्माण भई २०७२ आश्विन ३ गतेदेखि लागू भयो । नेपालको संवैधानिक विकासको इतिहासमा वर्तमान संविधान सातौं संविधान हो । गणतन्त्र, संघीय राज्य एवं तीन तहका सरकार, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व, संसदीय शासनप्रणाली, मौलिक एवं मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, बालिग मताधिकार, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यजस्ता लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धतासहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको संकल्प यस संविधानका प्रमुख विशेषता हुन् ।**

अनुभवसमेत हासिल गरेका छन् । स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई पहिलो वर्षको नीति तथा कार्यक्रमसमेत तर्जुमा र स्वीकृति भइसकेको छ । त्यस्तै, पहिलो निर्वाचनबाट निर्वाचित संघीय संसद्अन्तर्गतको प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पूरा भई नयाँ निर्वाचन हुने चरणमा मुलुक छ । संघ प्रदेश र स्थानीय तहले आआफ्नो प्रशासन सञ्चालन गर्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने र पहिलोपटकको हकमा संविधान जारी हुँदाका बखत सरकारी सेवामा कार्यरत कर्मचारीलाई तीनवटै तहमा समायोजन गरी सेवाप्रवाहको व्यवस्था गर्ने प्रावधानबमोजिम निजामती सेवा र अन्य सरकारी सेवामा कार्यरत कर्मचारीलाई संघ प्रदेश र स्थानीय तहमा समायोजन गर्ने कार्य सम्पन्न भएको छ । प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड निर्धारण ऐन जारी भई प्रदेश लोकसेवा आयोगको गठन र पदपूर्ति प्रक्रिया सुरु भएको छ ।

त्यस्तै, मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्र कानुन निर्माण गर्नुपर्ने व्यवस्थाबमोजिम अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, व्यक्तिगत गोपनीयता, अनिवार्य र निःशुल्क शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षा, बालबालिका, रोजगारी र श्रम आदिको हक कार्यान्वयनसम्बन्धी कानुन निर्माण भई कार्यान्वयन सुरु भएको छ । संघ प्रदेश र स्थानीय तहबीच समन्वय गर्न संघ प्रदेश र स्थानीय तह समन्वय र अन्तरसम्बन्ध ऐन, २०७७ जारी भएको छ । प्रदेश र स्थानीय तहको लागि संघीय सरकारबाट नमुना कानुनको तर्जुमा गरी सहजीकरण गर्ने कार्य भएका छन् । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र आर्थिक प्रशासनिक एवं विकास निर्माण कार्यमा प्रविधिमा आधारित विभिन्न प्रणाली विकास गरी सबलीकरणमा मद्दत पुर्‍याउने कार्य भएका छन् । मौजुदा कानुन संविधानका प्रावधानबमोजिम हुनेगरी संशोधन र परमार्जन गरिएका छन् । अधिकार क्षेत्रसम्बन्धी विविध विवादमा न्यापालिकाबाट भएका फैसला र निर्देशनात्मक आदेशबाट संविधानको कार्यान्वयनमा मार्गदर्शन प्राप्त भएको छ ।

वर्तमान संविधान कार्यान्वयनको सात वर्षको अवधिमा भएका यी उपलब्धि महत्वपूर्ण हुन् र जसले संविधानले अंगीकार गरेको संघीय प्रणालीका लागि बलियो आधारशिला निर्माण गरेको छ । तर, संविधानको मूल मर्म र भावनालाई सारभूत रूपमा कार्यान्वयन गरी राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई समृद्धि र विकासरूपी नतिजामा अनुवाद गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । जसमा पहिलो, साझा अधिकारका सबै विषयमा जिम्मेवारीको बाँडफाँट स्पष्ट हुने गरी कानुनको अविलम्ब निर्माण हुनुपर्छ । यसले संघीय इकाइलाई अधिकारको कार्यान्वयनमा सहजता र अन्तरसम्बन्ध कसिलो बनाउने हुन्छ । दोस्रो, संघीयताको आयाममध्ये महत्वपूर्ण आयामका रूपमा रहेको प्रशासनिक संघीयता कार्यान्वयनको मेरुदण्डका रूपमा रहेको संघीय निजामती सेवा ऐन निर्माणमा विलम्ब हुँदा प्रदेश निजामती सेवा र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त निर्धारण तथा कर्मचारीको वृत्तिविकासमा गतिरोध उत्पन्न भएको हुँदा सो ऐन अविलम्ब जारी गरी प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी ऐन निर्माणको बाटो खोलिदिनुपर्छ । तेस्रो, शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भनिन्छ, संघीय प्रणालीमा शिक्षाको व्यवस्थापनका लागि संघीय शिक्षा ऐन जारी हुन ढिलाइ हुँदा शैक्षिक व्यवस्थापन र सेवा प्रवाहले अपेक्षित गति लिन सकेको छैन जसको प्रत्यक्ष असर शैक्षिक गुणस्तरमा पर्ने देखिन्छ । तसर्थ, संघीय शिक्षा ऐन अविलम्ब जारी गरी प्रदेश र स्थानीय तहलाई शैक्षिक व्यवस्थापनसम्बन्धी ऐननियम कार्यविधि र निर्देशिका निर्माण तथा कार्यान्वयनका लागि सहजीकरण गर्नुपर्छ । चौथो, संविधान र कानुनमा रहेका अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, अन्तर सरकारी वित्त परिषद् र विषयगत समिति क्रियाशील बनाई उत्पन्न हुने विवाद र आइपर्ने व्यवधान शीघ्र निराकरण तथा अन्तरतह समन्वयलाई बलियो बनाउनुपर्छ । पाँचौं, विशेषगरी प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्नुपर्छ । छैटौं, संविधान र कानुनमा भएमा प्रावधान तथा अधिकार र दायित्व'दयगत नागरिकहरूलाई जागरुक र सुसूचित गराउन कानुनी साक्षरता कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ । सातौं, संविधानको मर्म र भावनाअनुरूप यसको सारभूत कार्यान्वयनका लागि राजनीतिक नेतृत्वमा संविधानको बुझाइमा एकरूपता, कार्यान्वयनमा तत्परता र इमानदारिता तथा दलीय स्वार्थभन्दा राष्ट्रिय स्वार्थ सर्वोपरि मान्ने आँट हुनु जरुरी छ ।

अन्तमा, हाम्रो मुलुकमा संवैधानिक अभ्यासको छोटो समयमा नै विभिन्न राजनीतिक प्रणाली र संविधानको प्रयोग भयो । ती सबैबाट प्राप्त अनुभव र नागरिक सहभागिताबाट निर्माण भएको वर्तमान संविधानलाई पनि प्रयोगकै रूपमा लिने छुट अब हामीलाई छैन । अतः वर्तमान संविधानको सारभूत कार्यान्वयन गरी नागरिकको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु आजको आवश्यकता हो । ( लेखक नेपाल सरकारका अधिकृत हुन् ) राजधानी दैनिक

# हाम्रा प्रधान सम्पादक कार्कीले गरे जन्मदिनमा रक्तदान

काठमाडौ । नेपाल पत्रकार माहासंघ काठमाडौ शाखाका सदस्य तथा उपत्यका प्रदेश पार्षद सदस्य हाम्रा यस जनआकाश साप्ताहिकका प्रधान सम्पादक मोहन



कार्कीले आफ्नो जन्मदिनको अवसर पारेर रक्तदान गरेका छन् । नेपाल पत्रकार महासंघ काठमाडौ शाखाको महिला बिभागले डेगुको

बाँकी ६ पृष्ठमा

# फोर्स मोटर्सको दशैँ तिहार अफर

काठमाडौ । Force Motors को आधिकारीक बिक्रेता हिमालय अर्गनाइजेसन अन्तर्गत आयाम इन्टरकन्टिनेन्टल प्रा.ली ले नेपालीहरुको महान चाड दशैं र तिहारको अवसरमा ग्राहकवर्गलाई ध्यानमा राखी कुनै पनि गाडीको खरीदमा उपहारको वर्षा लिएर आएको छ ।

उसले सार्वजनिक गरेको उपहार योजना अन्तर्गत आकर्षक नगद छुट, वासिङ्ग मेसिन, स्मार्ट टि.भि., स्मार्ट फोन लगायतका उपहारहरुको वर्षा ल्याएको छ । यस अफर भाद्र १५ देखि लागु भई छट पर्व अर्थात २०७९ कार्तिक १३ गतेसम्म लागु हुने उल्लेख गरेको छ ।

बिगत ८ वर्ष देखि Force Motors Limited ले नेपालमा आफ्नो आधिकारिक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रा.ली मार्फत आफ्ना गाडीहरुको बिक्रि वितरण गर्दै आईरहेको छ ।

आयाम इन्टरकन्टिनेन्टलले काठमाडौंको गैह्रिधारा ,पोखराको चाउथे र सुन्सरीको इटहरीमा आफ्नै शोरुम संचालनमा ल्याएको छ भने स्थानीय डिलर को रुपमा चितवनको भरतपुरमा , झापाको बिर्तामोड, ललितपुरको बाघडोल, सिराहाको लाहान, धनुषाको जनकपुरमा डिलर मार्फत Force Motors का गाडीहरु बिक्रीवितरण गर्दै आइरहेको छ ।

उक्त दशैं तिहार अफरको फाइदा उठाउन ग्राहकवर्गले आफुलाई पायक पर्ने स्थानमा गएर सेवा लिन आग्रह गरेको छ ।




# ग्रील तथा स्टील व्यवसायीद्वारा अधिकार सम्पन्न बागमती सभ्यतालाई औजारहरु हस्तान्तरण

काठमाडौं । ग्रील तथा स्टिल व्यवसायी संघद्वारा मिति: २०७९ भदौ



३० गते काठमाडौस्थित अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको भवनमा एक कार्यक्रमको आयोजना गरी प्रमुख अतिथि काठमाडौ महानगरपालिकाकी उप मेयरको प्रमुख अतिथि, बिशिष्ट अतिथिमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव प्रसाद तिमल्सेना, ग्रील उद्योग महासंघका केन्द्रीय अध्यक्ष मोहन कटुवाल, अतिथिामा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका इन्जिनियर कमल अर्याल लगायतको रोवरमा ग्रील तथा स्टिल व्यवसायी काठमाडौका अध्यक्ष यज्ञदास श्रेष्ठको हातवाट अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव प्रसाद तिमिल्सिनालाइ सामानहरु हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रमका अध्यक्ष समेत रहेका ग्रील तथा स्टिल व्यवसायी महासंघ काठमाडौ जिल्ला शाखाका अध्यक्ष यज्ञदास श्रेष्ठले राखेका थिए, भने शुभकामना ग्रील तथा स्टिल व्यवसायी महासघका केन्द्रीय अध्यक्ष मोहन कटुवाल र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव प्रसाद तिमिल्सिनाले राखेका थिए । मन्तव्यकै क्रममा महासघका अध्यक्ष मोहन कटुवालले ग्रील व्यवसाय भन्ने बित्तिक्कै विगतमा हेर्ने दृष्टिकोण अलि फरक थियो व्यवसायीहरुमा एकता थिएन अहिले हामीले २५ सय सदस्य पुऱ्याईसकेका छौ । ग्रील व्यवसायीहरुलाई करको समस्या वडा पिछे फरक फरक कर लाग्ने गरेको हुनाले करको प्रणालीमा एक रुपता ल्याउन उपमेयरलाई आग्रह गरेका थिए ।

त्यसैगरी आर्का बिशिष्ट अतिथि उद्धव प्रसाद तिमिल्सिनाले ग्रील तथा स्टिल व्यवसायीहरुले सरसफाई गर्न प्रयोग हुने औजार तथा बिरुवाको लागि जाली सहयोग गर्नुभएकोमा धन्यवाद दिएका थिए । उनले हिजोको दिनमा ग्रील पेशा भन्ने वित्तिक्कै मानिसहरुले नाक खुम्च्याउने गरेको र आज त्यसै पेशावाट देशमा ६० अर्ब बराबरको कारोबार हुने गरेको रहेछ । यो अवस्थामा पुऱ्याउन भुमिका खेल्नुहुने महासघका अध्यक्ष मोहन कटुवाल लगायतको

बाँकी ६ पृष्ठमा


# रामेछाप डायरी

## आत्महत्याको डरलाग्दो तथ्याङ्कः मुलुककै तेस्रो स्थानमा रामेछाप

रामेछाप । रामेछाप जिल्ला आत्महत्या धेरै हुने जिल्ला मध्ये नेपालकै तेस्रो स्थानमा परेको छ । पहिलो नम्बरमा मोरङ् पर्दा तराईका दुई जिल्ला परेका छन् । विविध कारणले बालबालिकादेखि ६० वर्ष माथिका वृद्धवृद्धाहरु पनि आत्महत्या गरेर आफ्नो ज्यान लिने गरेको तथ्याङ्कले देखाएको छ ।जसअनुसार गत आर्थिक वर्ष २०७८-७९ मा ४५ जनाले आत्महत्या गरेका छन् । यो अघिल्लो आर्थिक वर्ष २०७७-७८ को तुलनामा ४४ प्रतिशतले घटेको देखिएको उनले बताए । आइतबार जिल्ला सदरमुकाम मन्थलीमा भएको आत्महत्या रोकथाम तथा नियन्त्रण सम्बन्धि अन्तरक्रिया कार्यक्रममा मुलुकभर आत्महत्याबाट ज्यान गुमाउनेहरुको डरलाग्दो तथ्याङ् सार्वजनिक गरिएको छ । जसअनुसार देशभर ४६ हजार ९०२ मुद्दा दर्ता भएकोमा ६ हजार ९७६ जनाले आत्महत्या गरेको देखिन्छ । त्यस्तै रामेछापमा गत वर्ष कूल १८८ प्रतिशत मुद्दा दर्ता भएकोमा २४ प्रतिशत आत्महत्याको मात्रै मुद्दा रहेको सूचना अधिकारी ढकालले बताए । आठ स्थानीय तह रहेको जिल्लामा सबै भन्दा धेरै उमाकुण्ड गाउँपालिकामा १२ जनाले आत्महत्या गरेका छन् । त्यस्तै खाँडादेवी गाउँपालिकामा ४, दोरम्बा शैलुङ्मा ५, मन्थली नगरपालिकामा ८, रामेछाप नगरपालिकामा २, लिखु तामाकोशीमा ८ र सुनापतिमा ६ जनाले आत्महत्या गरि ज्यान लिएका छन् । गोकुलगंगा गाउँपालिकामा भने गत वर्षमा आत्महत्या शून्य देखिन्छ । तर, चालु आवमा सोही पालिकामा एक जनाले आत्महत्या गरेका छन् । सार्वजनिक तथ्याङ्क अनुसार १९ वर्षदेखि २५ वर्ष सम्मका १२ जनाले आत्महत्या गरेका छन् । जसमा बालिका २, बालक ३, महिला २१ र पुरुष १९ जना रहेका छन् ।

## तीन सहकारी अभियान्तालाई सम्मान

रामेछाप । रामेछाप जिल्ला सहकारी संघ लिमिटेडले आफ्ना सदस्य सहकारी र सहकारी अभियान्तालाई सम्मानित गरेको छ । शनिबार जिल्ला सदरमुकाम मन्थलीमा भएको संघको पाँचौं वार्षिक साधारण सभाकाबीच संघले मन्थली बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष गोबिन्द प्रसाद् घिमिरे, रामेछाप जिल्ला बचत तथा ऋण सकहारी संघ लिमिटेडका अध्यक्ष जगन्नाथ दाहाल र नव जागरण बचत तथा ऋण सहकारी संस्थाका ब्यवस्थापक रमेशकुमार उदाशलाई प्रमाणपत्रले सम्मान गरेको हो । जसअनुसार जिल्ला बचत तथा ऋण सहकारीलाई संघमा आबद्द भएर क्रियाशिल बचत तथा ऋण सहकारी संस्थाको समग्र विकासको लागि महत्वपूर्ण योगदान गरेको भन्दै सम्मान गरेको रामेछाप जिल्ला सहकारी संघका सचिव नवीन केसी (घिमिरे) ले बताए । त्यस्तै घिमिरेलाई सहकारी अभियानको लागि उन्नयन प्रवर्द्धन र सुदृढीकरणको लागि योगदान गरेको र उदाशले सहकारीको व्यवसायबाट आर्थिक तथा सामाजिक उत्थानमा योगदान गरेको भन्दै सम्मानित गरेको केसीले जानकारी गराए ।




हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



बसन्त बहादुर कार्की
अध्यक्ष
राष्ट्रिय जेष्ठ नागरिक कोष

हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



अशोक श्रेष्ठ
अध्यक्ष
हिमालय सिमापार बाणिज्य संघ

# मुक्तिनाथ आशिर्वाद बचत खाता अफर

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले निक्षेपकर्ताहरुको सर्वोपरी हितलाई ध्यानमा राख्दै अत्यन्त लाभदायी ब्याजदर प्रदान गर्ने र नेपालमै पहिलो पटक सर्वाधिक रु.१ करोड १ लाखसम्मको बीमा सुविधा दिने मुक्तिनाथ आशिर्वाद




बचत खाता योजना बैकाले सञ्चालनमा ल्याएको छ । मुक्तिनाथ आशिर्वाद बचत खाता न्यमि न्यमि ऋबतभनयचथ मान्यूनतम रु ५०,००० मौज्दात राखेर खाता खोल्नुहुने खातावालाहरुले आफनो लागि रु. २१ लाख र परिवारको २ जना सदस्यहरुको लागि रु ३० लाख गरी कुल रु. ५१ लाख सम्मको बीमा सुविधा पाउनेछन् र विभिन्न १५ वटा बैंकिङ्ग सेवाहरुमा समेत छुट प्राप्त गर्न सक्नेछन भनि उल्लेख गरेको छ । उक्त् मुक्तिनाथ आशिर्वाद बचत खाता एबितष्लगक ऋबतभनयचथ मा न्यूनतम रु १००,००० मौज्दात राखेर खाता खोल्नु हुने खातावालाहरुले आफनो लागि रु. २१ लाख र परिवारको ४ जना सदस्यहरुको लागि रु. ८० लाख गरी कुल रु १ करोड १ लाख सम्मको बीमा सुविधा पाउनेछन् र विभिन्न १५ वटा बैंकिङ्ग सेवाहरुमा छुट प्राप्त गर्न सक्नेछन् भनि बैकले ताजा जानकारी गराएको हो । बीमा सुविधा अन्तर्गत आवधिक बीमा, दुर्घटना बीमा र १८ वटा घातक रोगको बीमा हुने उल्लेख छ ।

# एनआईसी एशिया बैंकको दशैं-तिहार महोत्सव

एन आई सी एशिया बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्नका निमित्त नेपालीहरूको महान चाड दशैं, तिहार, छठलगायतका पर्वको पावन अवसरमा आफ्ना ग्राहक महानुभावहरू समक्ष 'दशैं-तिहार महोत्सव' योजना सार्वजनिक गरेको जनाएको छ। योजनामार्फत भाटभटेनी सुपरमार्केट, सेल्सबेरी, बिगमार्ट, साथीमार्ट (५ वटा शाखामा) लगायत दर्जनौ मर्चेन्टहरूमा विभिन्न सामग्री खरि




द गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म क्यासब्याक तथा छुट प्राप्त हुने बैंकले जनाएको छ। जसअनुसार १ असोजदेखि १५ कात्तिकसम्म भाटभटेनी सुपरमार्केटबाट तयारी पोसाक तथा जुत्ताचप्पल खरिद गरी बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा बैंकको तर्फबाट १० प्रतिशत वा ५ सयसम्म छुट प्राप्त गर्न बैंकले जनाएको छ। त्यसैगरी सोही अवधिभर सेल्सबेरी, बिगमार्ट एवं साथीमार्टबाट विभिन्न सामग्रीहरू खरिद गरी यस बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत तथा मोबाइल बैंकिङ्ग मार्फत क्यूआर भुक्तानी गर्दा १० प्रतिशत वा ३ सयसम्म छुट तथा क्यासब्याज उपलब्ध हुने पनि बैंक.ले जनाएको छ।

# एभरेष्ट बैंक र एनबीआईबीच सम्झौता

काठमाडौं। एभरेष्ट बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट (एन.बी.आई) बीच तालिक कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। यो सम्झौता अनुसार एन.बी.आईले एभरेष्ट बैंक लिमिटेडका कर्मचारीहरुको



कार्यदक्षता विकासका लागि विभिन्न तालिमहरु उपलब्ध गराउने बैंकले जनाएको छ। पंजाब नेशनल बैंक भारत संग संयुक्त साझेदार रहेको यस बैंक स्थापना काल देखि नै ग्राहकहरुको पहिलो रोजाइको बैंकमा हालसम्म करिब १२ लाख सन्तुष्ट ग्राहकहरु रहेको तथा देशैभरी छरिएर रहेको आफ्नो ११९ शाखा संजाल, ४ एक्सटेन्सन काउण्टर, प्रादेशिक कार्यालयहरु, १५५ एटीएमसहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएमएस बैकिंग सुबिधा प्रदान गर्दै आइरहेको पनि बैंकले दाबी गरेको छ।

# प्रभु बैंक लिमिटेड र गुर्जुधारा डेन्टल केयर प्रा. लि. बिच आकर्षक छुट प्रदान गर्ने सम्झौता

प्रभु बैंक लिमिटेड र गुर्जुधारा स्थित गुर्जुधारा डेन्टल केयर प्रा. लि.बिच विभिन्न सेवाहरुमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ। बैंकका तर्फबाट गुर्जुधारा शाखा कार्यालय प्रमुख सुबिर घले र गुर्जुधारा डेन्टल केयर प्रा. लि का तर्फबाट प्रबन्ध निर्देशक डा.बिनय भण्डारीद्धारा उक्त सम्झौतामा




हस्ताक्षर गर्नुभएको हो ।

प्रभु बैंक र उक्त डेन्टल क्लिनिक बिच सम्पन्न सम्झौता अनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ्ग कारोबार गरिरहनुभएका सम्पूर्ण ग्राहक महानुभावहरुले गुर्जुधारा डेन्टल केयर प्रा. लि द्धारा सञ्चालित साधारण दन्त उपचार सेवामा १५ प्रतिशत र जटिल दन्त उपचार सेवामा १० प्रतिशत छुट प्राप्त हुने भएको छ ।

उक्त सम्झौता अन्तर्गत गुर्जुधारा डेन्टल केयर प्रा. लि. मा सुविधा लिन चाहनुहुने प्रभु बैंकका ग्राहक महानुभावहरुले प्रभु बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग च्यानलहरु प्रयोग गरी भुक्तानी गर्दा, गुर्जुधारा डेन्टल केयर प्रा. लि. का उल्लेखित सेवाहरुमा आकर्षक छुट प्राप्त हुने व्यवस्था मिलाईएको छ । यस सम्झौताबाट बैंकका सम्पूर्ण ग्राहक महानुभावहरु लाभान्वित हुनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ ।

# मर्चेन्टहरुसँग सानिमा बैंकले गऱ्यो छुटको व्यवस्था

सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न थप २० वटा मर्चेन्टहरुसँग छुटको




व्यवस्था गरेको छ ।

उक्त व्यवस्थाअन्तर्गत सानिमाको भिसा डेबिट/क्रेडिट कार्ड र सानिमा मोबाइल बैंकिङ्ग एप प्रयोगकर्ताहरुले डिजिटल भुक्तानी गरी विभिन्न मर्चेन्टहरुको वस्तु/सेवाहरुको खरिदमा विशेष छुट पाउने भएका छन् । बैंकले बाजेको केक, जुलिस केक एण्ड पेस्ट्रीज, कान्तिपुर कफी, कुण्डलिनी आयुर्वेद, बागडोल पोलिक्लिनिक, नीता पोलिक्लिनिक एण्ड डायग्नोस्टिक सेन्टर, स्टाइल हन्ट, बेन्ड द ट्रेन्ड, रिभाइब वेलनेस, बल्थली माउन्टेन रिसोर्ट, होटल यात्री, होटल द किंग्सबरी, दरबार ज्वेल्र्स, लारिसा फार्मेसी, डियो गार्डेन रेस्टुरेन्ट, द स्ट्रिट, रोयल लाउन्ज एण्ड बार, आरआर फेसन वेयर, वीकेन्ड र न्यानो कलेक्शन जस्ता २० वटा विभिन्न मर्चेन्टहरुसंग १० देखि ३० प्रतिशत सम्मको छुटको व्यवस्था गरेको छ । बैंकले यसैगरी ग्राहकहरुलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

# हिमालयन बैंकको नगद डिपोजिट मेसिन

हिमालयन बैंकले काठमाडौंको न्युरोड शाखामा नगद डिपोजिट मेसिन सञ्चालनमा ल्याएको छ ।

सो क्यास डिपोजिट मेसिनबाट सेवाग्राहीले कुनै पनि समयमा सहजै आफ्नो खातामा रकम जम्मा तथा झिक्न सक्ने छन्। सो मेसिनबाट रकम जम्मा गर्दा एटीएम कार्डको प्रयोग बिना सिधा खाता नम्बर प्रविष्ट गरी जम्मा गर्न सकिने बैंकले जनाएको छ । मेसिनबाट जम्मा गरिएको सो रकम तत्कालै खातामा जम्मा हुनेछ जसले गर्दा खातावालाले तुरुन्तै कारोबार गर्न सक्नेछन् ।

हिमालयन बैंकको यस सुविधाले आफ्ना ग्राहकलाई बैंकिङ कारोबारको समय अघि-पछि पनि थप सुविधा मिल्ने विश्वास लिएको बैंकले जनाएको छ ।

## अर्थ संसार

# नेपाल बैंकले मुद्दती खाताहरुमा पैसा दोब्बर हुन लाग्ने समय अवधि घट्यो

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले ग्राहकको रुची र आबश्यकता अनुशारका नयाँ नयाँ डिपोजिट प्रोडक्टहरु ल्याइरहेको छ । यसै अनुरुप बैंकले हालै मात्र संचालनमा ल्याएको डबल धमाका मुद्दती खाताहरुमा ग्राहकको सावाँ रकम दोब्बर हुन लाग्ने समय अवधि कम गरी ती खाताहरुलाई थप आकर्षित बनाएको छ । अबदेखि नेपाल बैंक डबल धमाका मुद्दती




खातामा व्यक्तिले रकम जम्मा गर्दा मात्र ५ वर्ष ९ महिना २९ दिनमा सावाँ रकम दोब्बर हुने बैंकले जनाएको छ । यसमा न्युनतम रु पच्चीस हजार भन्दा माथिको रकम जम्मा गर्न सकिन्छ। त्यसैगरी यो योजनामा बैंकले रु ५ लाख सम्मको क्रेडिट कार्ड सुबिधा पनि उपलब्ध गराउने छ। सरकारी बैंक भएको र जनबिश्वास उच्च भएकोकारणले पनि लामो समयमको मुद्दतीमा ग्राहकहरुको धेरै नै आकर्षण रहेको देखिन्छ।

संघ संस्थाहरुको लागि बैंकले नेपाल बैंक डबल धमाका मुद्दती खाता संस्थागत संचालनमा ल्याएको छ । यसमा जम्मा गरेको रकम ७ वर्ष २ महिनामा नै दोब्बर हुनेछ। यसमा संस्थाहरुले रु १ लाख भन्दा माथिको र कमको रकम जम्मा गर्न सक्नेछन् ।

बैंकले बिदेशमा कार्यरत नेपालीहरुको लागि नेपाल बैंक डबल धमाका मुद्दती खाता रेमिट्यान्स संचालनमा ल्याएको छ । अबदेखि यो खातामा बिदेशबाट प्राप्त रेमिट्यान्सको रकम जम्मा गर्दा मात्र ५ वर्ष ५ महिना नै सो रकम दोब्बर हुनेछ ।

यसमा न्यूनतम रु २५ हजार भन्दा माथिको रकम जम्मा गर्न सकिन्छ। नेपाल बैंक सरकारी बैंक भएको र नेपालभर शाखा संजाल भएको कारणले पनि बिदेशमा रहेका नेपालीहरुबीच नेपाल बैंकको डबल धमाका रेमीट्यान्स मुद्दतीखातामा बढ्दो आकर्षण देखिएको छ ।

यी डबल धमाका मुद्दती खाताहरु सिमित अवधिको लागि मात्र संचालनमा ल्याइएको बैंकले जनाएको छ। नेपालभर २१९ शाखाहरु, १८६ एटिएम साथै ४९ एक्टेन्सन काउन्टर मार्फत करिब २१ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्याईरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धि रुपमा अगाडि बढिर हेको छ ।

# नबिलको दशैं तिहार घर कर्जा धमाका बजारमा

नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गर्दै नबिल बैंकले 'दशैं तिहार घर कर्जा धमाका' नामक आवास कर्जा योजना ल्याएको छ । यस योजना




अन्तर्गत बैंकले आकर्षक ब्याजदरका साथ प्रशासनिक शुल्कमा छुट तथा नि.शुल्क क्रेडिट कार्ड योजना ल्याएको छ। यस आवास कर्जा घर खरिद, घर निमार्ण, तल्ला थप, रंग रोगनका लागि उपलब्ध गरिएको छ। बैंकका अनुसार पहिलो घर खरिदकर्ताका लागि घरको मुल्याङ्कनको ७० प्रतिशत सम्म कर्जा लिन सक्ने प्रावधान रहने र सामान्य अवस्थामा ६० प्रतिशत सम्म कर्जाको व्यवस्था गरिएको छ।

३५ वर्ष सम्मको कर्जा अवधि सुविधा भएको यस आवास कर्जामा सरल र सानो किस्ताबाट विस्तारै कर्जा चुक्ता गर्ने सुविधा पनि नबिल बैंकले प्रदान गरेको छ । यो योजना सिमित अवधिका लागि ल्याइएको पनि बैंकले जनाएको छ ।

# पेप्सीद्धारा नयाँ :More fizz सार्वजनिक

काठमाडौं । मितिः २०७९ भाद्र ३१ गते Swag लाई उचाइमा पुयाउँदै पेप्सीले उपभोक्ताहरूको तिर्खा मेटाउने बाचा सहित नेपालका उपभोक्ताहरूको मन लोभ्याउन More fizz युक्त नयाँ पेप्सी प्रस्तुत गरेको छ ।

नयाँ परिमार्जित पेप्सीमा बढी फिँज आउँछ, जसले यसभन्दा पहिले नपाइएको स्फूर्तिदायी स्वाद प्रदान गर्नेछ । यसको स्फूर्तिदायी नयाँ




फर्मुलेसनको कारण उपभोक्ताहरूलाई यो पेय पदार्थ अपरिहार्य बन्न जानेमा कम्पनीले विश्वास लिएको कम्पनीले उल्लेख गरेको छ ।

नयाँ More fizz पेप्सीको अनावरण काठमाडौंमा भाद्र ३१ गते लाजिम्पाटको र्‍याडिशन होटलमा आयोजित एक स्वागमय कार्यक्रमका विच पेप्सी सद्भावना दूत एवं चर्चित नायक प्रदीप खड्काको उपस्थितिमा गरिएको थियो । नेपालमा आउँदा दिनहरूमा गरिने More fizz,More Swag अभियानले पनि सम्पूर्ण नयाँ पेप्सीको लागि स्फूर्तिदायी अनुपातलाई बढी जोड दिने जनाइएको छ ।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्दै पेप्सीको, नेपालका एसोसिएट डाइरेक्टर अनुज गोयलले भने पेप्सी सधैं नै स्वाग पुस्ताको रोजाइमा पर्दै आएको छ र अब ब्रान्डले नेपालका उपभोक्ताहरूको लागि यसभन्दा अघि कहिल्यै नभएको More fizz स्वाद प्रदान गरिरहेको छ । बजार अध्ययनले देखाए अनुसार उपभोक्ताहरूले चिसो पेप्सी पिएसँगै ताजापनको एक अर्को झट्काको चाह राख्ने गरेको पाइएको छ, र यो नयाँ परिमार्जन स्वादले त्यसलाई परिपूर्ति गरिदिनेछ । हामीले प्राप्त गरेको उत्कृष्ट प्रतिक्रियालाई यो सकारात्मक भावनाद्वारा उत्प्रेरित गर्दै हामीले नयाँ पेप्सीलाई :यचभ ाष्शश का साथ अनावरण गरेका छौं र हामीलाई विश्वास छ हाम्रा उपभोक्ताहरूले पहिलेभन्दा ज्यादा मज्जा लिन हुनेछ ।

नयाँ पेप्सीको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै पेप्सी ब्राण्ड एम्बेसेडर प्रदीप खड्काले भने नयाँ पेप्सीलाई :यचभ ाष्शश का साथ नेपालभरका दर्शकहरूमाझ उपलब्ध गराउन पाउनुले वास्तवमै आनन्दित तुल्याएको छ । यसको नयाँ स्वरूपमा पेप्सीले आफ्ना उपभोक्ताहरू समक्ष अझ बढी ाष्शश का साथ पेप्सीलाई प्रस्तुत गरेको छ र उपभोक्ताहरूलाई एक चुस्की लिन तथा उनीहरूको क्ष्बन लाई पनि माथि उठाएर देखाउन आग्रह गरिरहेको छ। म यो सुरुवातको एक हिस्सा बन्न पाएकोमा उत्साहित छु र म सबैलाई नयाँ पेप्सी टेस्ट गर्न र उनीहरूको स्वाग प्रदर्शन गर्न आग्रह गर्दछु । कार्यक्रममा भिबिएल इन्टरनेशनल अपरेसन्सका CEO गिरीश शिवरमणले मन्तव्यको क्रममा भन्नु भयो पेप्सी देशको चर्चित ब्रान्डहरू मध्येको एक ब्रान्ड हो र हामीले हाम्रो उत्पादनको यात्रामा एक अर्को माइलस्टोन कायम गर्न सफल भएका छौं ।More fizz पेप्सीको सुरुवातसङ्गै हाम्रा उपभोक्ताहरूलाई बढी फौंजिदार एवं स्फूर्तिदायक उत्पादन प्रदान गर्ने हाम्रो एक अर्को प्रयास सार्थक भएको महसुस हामीले गरेका छौं । म विश्वस्त छु कि नेपाली उपभोक्ताहरूले नयाँ उत्पादनको मज्जा लिनु हुनेछ, साथसाथै विभिन्न टचपोइन्टहरु मार्फत् धेरै क्ष्बन प्रस्तुत गरिरहने प्रतिबद्धता पनि व्यक्त गर्दछ । नयाँ More fizz पेप्सी सिंगल र मल्टि पेट सर्भ प्याकहरु नेपालभरका डिपार्टमेन्ट स्टोरहरु तथा किराना पसलहरुमा उपलब्ध गराईएको कम्पनीले उल्लेख गरेको छ साथ साथै इ-कमर्स साइटहरुमा पनि पाइन्छ ।

# सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको Annual Recognition Program भव्यताका साथ सम्पन्न

चितवन । सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले दुई दिने Annual Recognition Program सम्पन्न गरेको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) पवन कुमार खड्काले उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा सूर्या लाइफ इन्स्योरेन्स




कम्पनीसँग सम्बन्धित १५० भन्दा बढी अभिकर्ता र कर्मचारीहरु सहभागी थिए ।

चितवनको सौराहामा असोज १ गते देखि २ गते सम्पन्न उक्त काय 'क्रममागत आर्थिक वर्षमा देशैभरिमा सबैभन्दा बढी प्रिमियम संकलन गर्ने (व्यक्तिगत व्यवसाय) तीन जनालाइ 'एजेन्सी अचिभमेन्ट अवार्डबाट सम्मानित गरिएको थियो । यसरी सम्मानित हुनेमा बुटवल शाखाका कमल प्रसाद घिमिरेलाई सिइओखड्काले अवार्डसहित सम्मानित गर्नुभएको थियो । त्यस्तै सोही विधामा ललितपुर शाखाका पदम बहादुरफागोर बिमला राईफस्टरनर अपरसेकेन्डरन अपघोषित हुनु भएको थियो ।

त्यस्तैगत आर्थिक वर्षमा सबैभन्दा बढी प्रिमियम संकलन गर्ने (सामूहिक व्यवसाय) अभिकर्ताहरुला ईएजेन्सी म्यानेजर अचिभमेन्टअ वार्डबाट सम्मानित गरिएको थियो । यस विधामा ललितपुर शाखाका उप्रिन्द्र राई विजेता घोषित हुनुभएको थियो भने कमल प्रसाद घिमिरे (बुटवल) र भक्तबहादुर राई ( जोरपाटी) फस्ट रनरअपर सेकेन्ड रनअप घोषित हुनु भएको थियो ।

त्यस्तै देशैभरि रहेका शाखाहरुमा उत्कृष्ट शाखाको रुपमा काठमाडौं शाखा पुरस्कृत भएको थियो भने बुटवलर ललितपुर क्रमशः फस्टरनर अपरसेकेन्डरन अप घोषित भएका थिए ।

कम्पनीले देशैभरका सात प्रदेशबाट उत्कृष्ट व्यावसाय गर्ने प्रदेशलाई 'बेस्टरिजन अवार्ड'को 'रनिङशिल्ड' यसपटक बागमती प्रदेशले हातपा रेको थियो । उक्त अवसरमा विभिन्न १२ विध ाका साथै अन्य गरी ४६ जनालाई कम्पनीले ट्रफीसहित सम्मान गरेको थियो ।

उक्त अवसरमा दुई विधाबाट पुरस्कृत हुनुभएका बुटवल शाखाका कमल प्रसाद घिमिरेले कम्पनीले आफ्नो काम प्रतिको लगावलाई पहिचान गरी सम्मानित गरेकोमा अझै काम गर्ने प्रेरणामिल ेको बताउनु भयो । उहाँले भन्नुभयो, 'अन्तर्राष्ट्रियस्तरको कार्यक्रम आयोजना गरी सम्मानित गरेकोमा संस्था प्रतिकृतज्ञ छु र ज्यादै गौरवान्वित भएकोछु, आउँदा दिनमा अझै काम गर्ने प्रेरणा थपिएकोछ ।'

त्यस्तैउपेन्द्र राईले कर्मचारी र अभिकर्ताहरुको सहकार्यबाटनै कम्पनीलाई उत्कृष्ट कम्पनी बनाउन सकिने

# खेलकुद

## रोजर फेडररले टेनिसबाट सन्न्यास लिने घोषणा गरे

२० औं पटक ग्रान्ड स्लाम जितेका रोजर फेडररले टेनिसबाट सन्न्यास लिने घोषणा गरेका छन् । फेडररले यस महिनाको अन्तिममा लन्डनमा हुने लेभर कपमा सहभागी भएपछि टेनिसबाट सन्न्यास लिने घोषणा गरेका बीबीसीले जनाएको छ । 'मैले २४ वर्षमा १५ सयभन्दा बढी खेल खेलेको छु । अब मैले मेरो प्रतिस्पर्धी करियरको अन्त्य गर्ने समय हो भनेर बुझ्नुपर्छ । टेनिसलाई म माया गरिरहने छु' फेडररले भने । ४१ वर्षीय फेडरर सन् २०२१ मा विम्बलडनदेखि नै टेनिस खेलबाट टाढा छन् । फेडरर गएको तीन वर्षदेखि घुँडाको समस्यासँग सङ्घर्ष गरिरहेका थिए ।

## एएफसी यू-२० एशियन कप छनौटमा नेपाल पराजित

काठमाडौं । बहराइनमा जारी एएफसी यू-२० एशियन कप छनोट फुटबलमा नेपाल पराजित भएको छ । आइतबार राति भएको लिग चरणको अन्तिम खेलमा बंगलादेशसँग ३-० ले पराजित भएपछि नेपाल जितबिहीन भएको हो । खेलमा बंगलादेशका लागि मोहोमद जोनी, मोहोमद पियास नोभा र साजेद हसन निजुमले १-१ गोल गरेका थिए । खेलमा नेपालका दुई खेलाडी तथा बंगलादेशका एक खेलाडीले रातो कार्ड खाएका थिए । खेलको २६ औं मिनेटमा नेपालका डिफेन्डर अजय चौधरीले रातो कार्ड पाएपछि नेपाल १० खेलाडीमा समेटिएको थियो । बंगलादेशी खेलाडीलाई कुहिनाले हान्दै फउल गरेपछि उनले रातो कार्ड पाएका हुन् । ३५ औं मिनेटमा कप्तान आयुस घलानले पनि रातो कार्ड पाएपछि नेपाल ९ खेलाडीमा समेटिएको थियो । बंगलादेशका अजिजुल हक एनान्टोलाई अश्लिल संकेत गरेपछि घलानलाई सिधै रातो कार्ड देखाइएको हो । सोही घटनामा अजिजुलले पनि दोहोरो पहेलो कार्ड बेहोरेपछि उनले पनि मैदान छाड्न बाध्य भएका छन् । यो हारसँगै समूह 'बी' मा रहेको नेपाल अंक बिहीन बनेको छ । पहिलो खेलमा नेपाल भुटानसँग २-० ले पराजित भएको थियो । दोस्रो खेलमा कतारसँग ३-१ ले हारेको नेपाल तेस्रो खेलमा आयोजक बहराइनसँग ६-० गोल अन्तरले पराजित भएको थियो ।

## मन्जुदेवी गुप्ता स्मृति भेट्रान कपको उपाधि मोरङलाई

बारा । बाराको सिमरामा आयोजित मन्जुदेवी गुप्ता स्मृति दोश्रो अन्तर्राष्ट्रिय भेट्रान फुटबल प्रतियोगिताको उपाधि मोरङको जहदा भेट्रान क्लबले जितेको छ । शनिबार भएको फाइनल खेलमा चितवन भेट्रानलाई २–० ले हराउँदै मोरङले उपाधि जितेको हो । मोरङको जितमा खेलको पहिलो हाफमा डेनिम राई र दोश्रो हाफमा विनोद धिमालले एक एक गोल गरे । खेलमा थुप्रै सुन्दर अवसर सिर्जना गरेपनि फिनिसिंङमा चुक्दा चितवन उपविजेतामा सिमित बन्यो । प्रतियोगिताका विजेताले एक लाख पचास हजार र उपविजेताले ७५ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मोरङका डेनिम राई घोषित भए ।

हार्दिक शुभकामना
२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेम बहादुर आलेमगर
पूर्व मन्त्री तथा नेता
नेकपा (एकीकृत समाजवादी)

हार्दिक शुभकामना
२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

दिपेन्द्र कुमार कार्की
प्रबन्ध निर्देशक
भूवनेश्वरी एण्ड बैभव बिल्डर्स प्रा.लि

हार्दिक शुभकामना
२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेम बहादुर शाही
अध्यक्ष

रामप्रसाद भट्टराई
सहअध्यक्ष
बालाजु बाइसधारा यातायात प्रा.लि. परिवार

## नाडा.........

सवारी साधनहरुको महत्व दिन प्रतिदिन बढदै गएको र यस्ता सवारी साधनहरुको बढदो प्रयोगले आफनै मुलुकमा उत्पादित जल विद्युतको उपभोग बढ्न गई देशलाई आत्मनिर्भर बनाउन समेत सहयोग पुग्ने विश्वास आयोजकको रहेको छ । वातावरण मैत्री विद्युतिय सवारी साधनको अपरिहार्यतालाई मनन् गर्दै आयोजना गर्न लागिइएको CEAT presents NADA EV Expo2022 मा ठूला तथा साना गरि ५१ वटा स्टल र ब्लकहरु रहने छन् । एक्स्पोमा ७ वटा ब्राण्डका चार पाङग्रे, एउटा तीन पाङग्रे, १६ वटा ब्राण्डका दुई पाङग्रे, ३ वटा ब्राण्डका टायर, २ वटा ब्राण्डका ब्याटरी, ९ वटा पार्ट-पुर्जा, ग्यारेज उपकरण कम्पनी एवं अटो पत्रिका तथा ४ वटा वित्तिय संस्थाहरुको सहभागिता रहेको छ ।

नेपाली महान चाड-पर्वहरुको पूर्वार्धमा आयोजना हुन गइरहेको यस एक्स्पोले नेपालमा विद्युतीय सवारी साधनबारे अत्याधिक जनचेतना अभिवृद्धि गर्न एवं सम्बिन्धित सम्पूर्ण अटो व्यवसायीहरुको समस्टिगत प्रवर्धनमा प्रत्यक्ष तथा सकारात्मक प्रभाव पार्नेमा आयोजक विश्वस्त रहेको छ ।

एक्स्पोलाई बढी जानकारीमूलक, सेवामूलक र ग्राहकमुखी बनाउन वित्तिय सेवा, विक्रिपछिका सेवा एवं इन्सुरेन्सका छुट्टाछुट्टै स्टलहरु रहने छन् भने एक्स्पो सम्वन्धी समाचार सम्प्रेषणमा सहजताकालागि छुट्टै एउटा साझा मिडिया स्टलको व्यवस्था गरिएको छ । एक्स्पोमा वारुण सुरक्षा एवं नियन्त्रणका लागि Fire Safety Support को रुपमा हिटको प्रा. लि. रहेको छ । वातावरण एवं इभी सम्बन्धि व्यापक छलफल तथा सूचना प्रवाह गर्नका लागि USAID Clean Air ले तीन दिन सम्म इभी चौतारी नामक गोष्ठी सन्चालन गर्ने भएको छ । आम सर्व साधारणलाई ट्राफिक नियम तथा सडक सुरक्षा सम्बन्धी व्यापक सुसूचित गराउने उदेश्यका साथ महानगरीय ट्राफिक प्रहरी महाशाखा, काडमाडौंको सुचना-कक्ष समेत प्रदर्शनीमा रहने छ ।

एक्स्पोलाई व्यवस्थित बनाउन, प्रदर्शनी स्थलमा भिड-भाड कम गर्न एवं आगन्तुकहरुको भ्रमणलाई सहज बनाउन आजकै मिति देखि खल्ती एप मार्फत अनलाईन टिकट खरिद गर्न सकिने व्यवस्था मिलाइएको छ ।

आज देखि असोज ५ गतेसम्मको अग्रिम अनलाइन टिकट खरिदमा विशेष सहुलियत दर हुनुका साथै प्रत्येक टिकट खरिदमा Khalti Digital Payment द्वारा २५ प्रतिशत क्यास ब्याकको अफर समेत रहेको छ । ४ दिन सम्म चल्ने उक्त नाडा इभी एक्स्पोमा लगभग ४०,००० आगन्तुकहरुले अवलोकन गर्ने विश्वास आयोजकको रहेको छ ।

## ग्रील.....

नेतृत्वलाई बिशेष धन्यवाद भन्दै प्रसंशा गरेका थिए ।

उनले फोहोर व्यवस्थापनको सम्बन्धमा महानगरपालिकासँग कस्तो खालको सहयोग गर्नुपर्ने हो दिर्धकालीन रुपमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति त्यसका लागि तयार छ भन्दै उपमेयरलाई आग्रह गरेका थिए ।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहेकी काठामाडौ महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले ग्रील व्यवसायीका समस्याका वारेमा पुर्व बक्ताहरुले बाताउनु भयो तपाईहरुको समस्याका वारेमा चाडै आवश्यक काम गर्ने र कुनै समस्या छन् भने छलफल गरेर टुङग्याउन सकिने बताएकी थिइन । कार्यक्रमको समापन राजेन्द्र अर्याल ग्रील तथा स्टिल व्यवसायी संघ काठमाडौ शाखा का वरिष्ठ उपाध्यक्षले गरेका थिए ।

सयौको संख्यामा ग्रील तथा स्टिल व्यावसयीहरुको उपस्थिति रहेको थियो ।

## शुद्धिकरण....

ससम्मान प्रत्यावर्तन (घरवापसी) गरेका छन । विविध पुजा, हवन एवं यज्ञ प्रज्वलन गरी परधर्ममा गएकाहरुलाई शुद्धीकरण गर्दै पुनः हिन्दू धर्ममा स्वागत गरिएको हो ।

परिषद्‌द्वारा आयोजित उक्त कार्यक्रममा महन्थ रामभूषण शरण जी महाराज, परिषद्‌का ट्रष्टी ओम प्रकाश सर्राफ, जिल्ला अध्यक्ष संतोष साह, उपाध्यक्ष अमन प्रसाद गुप्ता, सचिव बह्मदेव महतो, स्थानीय पदाधिकारी, पूर्णकालिक कार्यकर्ता एवं स्थानीयबासी समेतको उत्साहजनक उपस्थिति रहेको थियो ।

कार्यक्रममा पुनः स्वधर्ममा फर्केकाहरु अत्यन्तै हर्ष व्यक्त गर्दै विहिपलाई यो व्यवस्था मिलाई दिएकोमा आभार व्यक्त गरेका थिए साथै परधर्ममा गएको प्रति पश्चाताप समेत गरेका थिए । विविध षडयन्त्रमा परी परधर्ममा गएका स्वजनहरुलाई पुनः स्वधर्ममा स्वागतका लागि विश्व हिन्दू परिषद् नेपाल सदैव तत्पर रहेको र आगामी समयमा समेत यस किसिमको कार्यक्रमहरुलाई निरन्तरता दिने परिषद्‌का जिल्ला अध्यक्ष संतोष साहले बताए ।

## सूर्य....

बताउनु भयो । उहाँले भन्नुभयो, ‘कर्मचारी र अभिकर्ताहरुको हातेमालोबाट नै अगाडि बढ्न सकिन्छ, जसले गर्दा कम्पनीले लक्ष्य हासिल गर्नका लागि धेरै समय कुर्नुनैपर्दैन । ’उहाँले सबै अभिकर्ता, कर्मचारी र व्यवस्थापनको सहकार्यले सूर्यालाइफ निकट भविष्यमै देशको नम्बर एक कम्पनी बन्ने पनि दाबी गर्नुभयो ।

त्यस्तै अभिकर्ता संघका अध्यक्ष समेत रहनु भएका अर्काविजेता रामबहादुर तामाङले यस किसिमको सम्मानले अभिकर्ताहरुमा हौसला बढ्ने बताउँदै कम्पनीले देशैभरका अभिकर्ताहरुलाई सम्मानित गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, ‘अभिकर्ताहरुलाई गरिने यस किसिमको सम्मानले अझै बढी काममा लाग्ने इच्छा शक्ति प्रकटहुन्छ ।’

साथै कार्यक्रममा पुरस्कृतहरुलाई सिइओ खड्काले बधाई तथा शुभकामना दिँदै आगामी दिनहरुमा अन्य एजेन्सी म्यानेजर, अभिकर्ता एवं कर्मचारीह रुले अझै उत्कृष्ट काम गर्नेअपेक्षा आफूले लिए को समेत बताउनु भयो । उक्त अवसर माडकाले सहकार्य, साथ र विश्वासनै कम्पनी को मूलमन्त्र भएको बताउँदै आगामीदिनमाअभिकर्तारक र्मचारीहरुले अझै बढी सकारात्मक उर्जाका साथ विश्वसनीय ढंगले काम गर्न पनि आग्रह गर्नुभयो ।

यस कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै खड्का ले आगामी दिनमा कम्पनीलाई मुलुकै सबैभन्दा उत्कृष्ट कम्पनी बनाउने व्यवस्थापनको लक्ष्य पूरा गर्ने अभियानमा मेरुदण्डको रुपमा अभिकर्तार कर्मचारी नै भएकोले बताउँदै त्यसका लागि सबैजना प्रतिब द्ध रहेको आभाष आफूले यस कार्यक्रम पछि पाएको पनि बताउनु भयो ।

## नेपाल....

सकिन्छ भन्ने कुराको खोजी गर्दै त्यस्ता उत्पादनहरुलाई प्रोत्साहन गर्न कम्पनीको योजना रहेको जानकारी नेपालवाल प्लास्टका संस्थापक प्रबन्धनिर्देशक नरेश प्रसाद साहले दिनुभयो ।

विश्व निर्माण जगतमा ड्राइमिक्स मोर्टार प्रचलित नाम हो । विश्वका कयौं विकशित देशहरुमा यस प्रकारको निर्माण सामाग्रीको प्रचुरमात्रमा प्रयोग हुने गरेको छ । नेपालमा ड्राइमिक्स मोर्टार नयाँ र नौलो उत्पादन हो । यसको निर्माण क्षेत्रमा अवसर हेर्दै ग्राहक सामु आफ्नो उत्पादन पुऱ्याउन तथा निर्माण क्षेत्रको व्यापक विश्लेषण गर्दै यसलाई प्रभावकारी बनाई दीर्घकालीन रूपमा आफ्नो व्याबसायिक प्रतिष्ठा जोगाउन लागि पर्ने पनि कम्पनीले दावी गरेको छ । यसै दावीलाई सहयोग पुग्ने आशाका साथ सो डिलर योजनाको सुरुवात गरिएको कम्पनीले जानकारी दिएको छ ।

कम्पनीले आफ्ना उत्पादनको गुणस्तर र विशेषताबारे स्पष्ट पार्दै पानी राख्ना साथ प्रयोग गर्न मिल्ने, जसले गर्दा समयको बचत तथामितव्ययीहुने,उत्पादकत्वमा वृद्धि हुनगई कमलागतमा काम सम्पन्नहुने हुँदा उत्पादनको बजार मूल्य सस्तो हुने जनाउँदै, मेसिनमिक्स भएका कारण एकनासको गुणस्तर रहिरहने कम्पनीको दावी रहेको छ ।

स्वदेशी सामानको प्रयोग गरी प्रवर्द्धन गर्न अनुरोध गर्दै उत्पादन तथा वजार व्यवस्थापनमा विविध चुनौति रहेता पनि आफ्ना उत्पादनका बिशेषताहरुले गर्दा हरेक समस्यालाई चिर्दै अगाडि बढ्ने कम्पनीको प्रतिबद्धता रहेको छ ।

## न्यायालय....

प्रधानन्यायाधिस चोलेन्द्र शम्शेर राणालाई उनकै निवासमा प्रहरी प्रसाशनले नजरबन्दमा राखेको समाचार आइराखेका छन् ।

निलम्बित प्रधानन्यायाधिस चोलेन्द्र शम्शेर राणाले सर्वोच्च अदालतमा फर्कने कुरा सार्वजनिक भएको थियो सोही दिनवाट चोलेन्द्र नजरबन्दमा रहेका छन् । उनले जिकिर गरेको जस्तो संविधानमा ७ दिनभित्र स्पष्टिकरण सोधिसक्नुपर्ने समय गुज्रीएमा स्वत प्रधानन्यायाधिस हुने व्यवस्था रहेको बताएका हुनाले त्यो व्यवस्था भएको रहेछ । भने सर्वोच्च अदालतको प्रधानन्यायाधिस भएसकेको सर्वोच्च व्यक्तिले त न्याय पाउदैनन् भने नेपाली जनताले कसरी यो देशमा न्याय पाएका होलान् ? प्रश्न गम्भिर रुपमा उठेका छन् ।

त्यसैले नेपालका न्यायालयमा थुपारिएका कागजहरु सवै कागजका खोष्टा मात्र भएको कुनै कुने राजनीतिक टिप्पणीकारहरुले लगाएको आरोपमा वल पुग्ने देखिन्छ ।

न्यायाय क्षेत्रमा देखिएका यस्ता पुरातनवादी तरिका र सोचले होइन व्यवहारले संविधानले व्यवस्था गरेका ऐन कानुनहरु कार्यन्यन गर्ने पक्षले स्वतन्त्र ढंङगावाट लोक सेवा आयोगवाट नै प्रधान न्यायाधिस, न्यायाधिस नियुक्ति गर्ने र राजनीतिक नियुक्ति बन्द गरेर स्वतन्त्र, निस्पक्ष नयायापालिका बनाई न्यायाय क्षेत्रमा आमुल परिवर्तन ल्याउन ढिलो गर्नुहुदैन । तव मात्र नेपाली जनताले स्वतन्त्र न्यायाय पाउको महसुस गर्न सक्छन् ।

## हाम्रा......

रोगीहरु बढेर सेतो रगतको कमी भइरहेको बिषयलाई मध्यनजर गरेर रक्तदानको आयोजना गरेको थियो सोही अवसरमा आफ्नो जन्मदिन पनि पर्ने भएको हुनाले कार्यक्रम पूर्व निर्धारित समयमा नै रक्तदान गर्न नेपाल पत्रकार महासंघ काठमाडौ जिल्ला शाखामा पुगि रक्तदान गरेका छन् । उक्त रक्तदान कार्यक्रममा १९ जना सहभागि थिए ।

रक्तदान कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय प्रतिनिधिहरु शान्तराम बिडारी, ज्ञानेन्द्र पौडेल, काठमाडौ शाखाका अध्यक्ष सुर्य सुवेदी लगायत पदाधिकारीहरु उपस्थिति थियो । रक्तदान कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटीले सहयोग गरेको कार्यक्रम संयोजक अप्सरा गौतमले जानकारी दिएकी हुन् ।

# डेंगु संक्रमणबाट २० को मृत्यु बागमती प्रदेशमा बढी संक्रमित

काठमाडौं । नेपालमा डेंगु सङ्कमणबाट २० जनाको मृत्यु भएको छ । विगत १८ दिनमा डेंगु सङ्कमण हुने सङ्ख्या ह्वात्तै बढेर झण्डै १२ हजार पुगेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य प्रमुख डा.गोकर्ण दाहलका अनुसार डेंगुको सङ्कमणबाट २० जनाको मृत्यु भएको हो । उहाँका अनुसार मृत्यु भएका ७ जना १४ वर्ष मुनीका बालबालिका रहेका छन् । दाहलका अनुसार, हालसम्म ७५ जिल्लाबाट १६ हजार ५८७ जनामा डेंगु पुष्टि भइसकेको छ । यो वर्ष नेपालमा सङ्कमण जुलाईबाट बढ्दै गएको देखिन्छ । जुन महिनामा एक सय भन्दा तल रहेको सङ्कमणदर जुलाइमा बढेर ७२० पुगेको छ । त्यस्तै, अगस्ट महिनामा तीन हजार ७०८ जनामा डेंगु पुष्टि भएको छ । सेप्टेम्बर महिना सुरु भएदेखि १८ दिनमा ११ हजार ९९४ जनामा डेंगु पुष्टि भएको पाइन्छ ।

सबैभन्दा बढी बागमतीमा

डेंगुको सङ्कमण सबैभन्दा धेरै बागमती प्रदेशमा १२ हजार ४०१ जनामा पुष्टि भएको छ । यस्तै, लुम्बिनीमा दुई हजार ४२२, प्रदेश १ मा ५०४, सुदूरपश्चिममा ४९३, गण्डकीमा ३२२, मधेश प्रदेशमा २४२ र कर्णाली प्रदेशमा २०३ जनामा डेंगु पुष्टि भएको छ । देशका १० जिल्लामा सबैभन्दा बढी १४ हजार ६३ जनामा डेंगु पुष्टि भएको छ । जिल्लाअन्तर्गत सबैभन्दा बढी लतितपुरमा चार हजार ६०४, काठमाडौंमा चार हजार ४५४, मकवानपुरमा एक हजार ५९७, दाङमा ९९४, भक्तपुरमा ७१३, रुपन्देहीमा ६५९, चितवनमा ४१०, गुल्मीमा २९२, दार्चुलामा १८८ र काभ्रेमा १५२ जनामा डेंगु पुष्टि भएको छ । नेपालमा पहिलो पटक २०६१ मा चितवन जिल्लामा पहिलो पटक डेंगुका बिरामी भेटिएका थिए । सो समय यता हरेक दुई तीन वर्षको अन्तरालमा डेंगु रोग प्रकोपका रूपमा देखा पर्ने गर्छ । यसअघि २०१९ मा प्रकोपका रूपमा फैलिएको थियो । सोही समयमा १७ हजारभन्दा बढीमा डेंगु पुष्टि हुनुका साथै छजनाको मृत्यु भएको थियो ।

जलवायु परिवर्तनले डेंग बढ्दैछ : सचिव पोखरेल

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेल तीव्र र अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण डेंगु तीव्र गतिमा फैलिरहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "डेंगुको प्रकोप सामान्यतया मौसमी हुन्छन् । वर्षयाम र त्यसपछिको समयमा सङ्कमणदर उच्च हुन्छ ।" डेंगुविरुद्ध लड्न बहुक्षेत्रीय संलग्नता आवश्यक भएको भन्दै मन्त्रालयले रोगको रोकथाम र नियन्त्रणका लागि विभिन्न सरकारी निकायसँग सहकार्य गर्दै आएको जानकारी दिनुभयो । लामखुट्टेको प्रजनन स्थल नष्ट गरी डेंगुको वृद्धि नियन्त्रण गर्न व्यक्तिगत तथा सामुदायिक प्रयास आवश्यक रहेको उहाँको भनाइ छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निर्देशक डा.चुमन लाल दासले साउन महिनादेखि डेंगु सङ्कमण निरन्तर रुपमा बढ्दै गएको बताउनुभयो । लामखुट्टेको टोकाइबाट बच्ने र डेंगु संक्रमित व्यक्तिहरुको उचित व्यवस्थापन गर्ने डेंगु रोकथाम तथा नियन्त्रणका प्रमुख उपायहरु भएको उहाँ बताउनुहुन्छ ।

डेंगु नियन्त्रणका लागि सरकारका साथै व्यक्ति, समुदाय र प्रमुख सरोकारवालाहरुको नियन्त्रण र दिगो प्रयास आवश्यक रहेको डा. दासले उल्लेख गर्नुभयो । व्यक्तिगत सुरक्षा, घर परिवार समुदाय कार्यस्थल निर्माणस्थल र सार्वजनिक स्थलमा लामखुट्टे प्रजनन स्थलहरुको खोजी र नष्ट गर्ने र ढल निकासको व्यवस्थापनजस्ता कार्यमा सबै सरोकारवालाको सहयोग र सहकार्य आवश्यक रहने उहाँले बताउनु भयो ।

# अन्तराष्ट्रिय समाचार

## जापानमा शक्तिशाली समुद्री आँधी, ४० लाख मानिसलाई घर छाडेर सुरक्षित स्थानमा जान आग्रह

जापानमा अहिलेसम्म आएको ठूलोमध्येको एउटा समुद्री आँधी टाइफुन नान्मादोल दक्षिणी टापु क्युशुमा बज्रिएको छ । यो आँधी प्रतिघण्टा एक सय ८० किलोमिटरको गतिमा अघि बढिरहेको बीबीसीले जनाएको छ ।

आँधीका कारण केही क्षेत्रमा आज ठूलो पानी पर्ने अनुमान गरिएको छ । आँधीले ठूलो बाढी र पहिरो गराउन सक्ने भएकोले कम्तीमा ४० लाख मानिसलाई घर छाडेर सुरक्षित स्थानमा जान आग्रह गरिएको छ । तीव्र गतिका रेल, फेरीहरू र सयौं उडानहरू रद्द गरिएका बीबीसीले जनाएको छ । जापानको जलवायु निकायले नान्मादोलका कारण तटीय क्षेत्रमा मुसलधारे वर्षा र आँधीबेहरी आउने जनाएको छ । हावाको गति निकै शक्तिशाली हुँदा घरहरू ध्वस्त हुनसक्ने जोखिम रहेको जलवायु निकायको भनाइ छ ।

जापानको जलवायु निकायका एक अधिकारीले यो आँधी सन् २०१८ मा आएको जेबी र सन् २०१९ को हगिबिस आँधीभन्दा खराब हुनसक्ने बताएका छन् । समुद्री आँधीसँग जुध्न जापानमा राम्रोसँग तयारी गर्ने गरिन्छ । तर जलवायु परिवर्तनले यस्ता विपद्हरू ठूला र थप विध्वंशकारी बनाइरहेको वैज्ञानिकहरूले बताएका छन् ।

## रुसका राष्ट्रपति पुटिन र भारतीय प्रधानमन्त्री मोदीबीच भेट

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो युद्धको लागि उचित समय नभएको बताउनुभएको छ । रुसले युक्रेनमा आक्रमण सुरु गरेपछि उज्वेकिस्तानको समरकन्दमा भएको पहिलो भेटमा मोदीले पुटिनलाई आजको समय युद्धको लागि उपयुक्त समय नभएको बताउनुभएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । मोदीले लोकतन्त्र, कुटनीति र संवादको महत्त्वमा जोड दिनुभएको छ । रूस भारतको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता हो । भेटमा उहाँहरुबीच शान्ति र स्थायित्वमा कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको खबरमा उल्लेख छ । पुटिनले जतिसक्दो चाँडो युद्ध अन्त्य गर्न प्रयास गर्ने तर युक्रेनले वार्तालाई अस्वीकार गरेको जवाफ दिनुभएको छ ।

## बंगलादेशले दिएको सहयोग पाकिस्तानद्वारा अस्वीकार

बाढी/पहिरोबाट प्रभावित पाकिस्तानले बङ्गलादेशले दिएको सहयोगलाई अस्वीकार गरेको छ । बाढी पहिरोका कारण आर्थिक तथा उपभोग्य सामग्रीको अभाव भइरहेको पाकिस्तानलाई बङ्गलादेशले १ करोड ४० लाख टाका सहयोग रकम दिने प्रस्ताव गरेको थियो ।

छिमेकी देशको हैसियतले मानवीय सहयोग गर्न लागेको बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले घोषणा गर्नुभएको थियो । तर पाकिस्तानले सहयोग स्वीकार नगर्ने जवाफ दिएको समाचार संस्था एएनआईले जनाएको छ । यस्तो सहयोग लिँदा विश्व समुदायमा आफ्नो देशको छविमा नकारात्मक असर पर्ने पाकिस्तानको भनाइ छ । सन् १९७१ मा पाकिस्तानबाट छुट्टिएर नयाँ देश बनेको बङ्गलादेशले विगतमा नमिठा सम्बन्ध र घटना भए पनि सङ्कट परेका बेला एकले अर्कोलाई सहयोग गर्नुपर्ने ठानेर पाकिस्तानलाई सहयोग गर्ने निर्णय गरेको थियो।

यसअघि नेपालले पाकिस्तानलाई २ करोड रुपैयाँ बराबरको मानवीय सहायता उपलब्ध गराएको थियो ।

सरकारको निर्णय अनुसार मङ्गलवार २२ टन सामग्री पाकिस्तानलाई हस्तान्तरण गरिएको थियो । पाकिस्तानको प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार जुनमध्यदेखिको बाढी/पहिरोबाट कम्तीमा १ हजार ३ सयभन्दा धेरैको ज्यान गएको छ । ३ करोड ३० लाख मानिस प्रत्यक्ष प्रभावित भएको अनुमान छ ।

## रुसले कब्जा गरेको भूमि फिर्ता गरेका ठाउँमा युक्रेनी राष्ट्रपतिको भ्रमण

युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले रुसले कब्जा गरेको भूमि फिर्ता गरेका ठाउँको भ्रमण सुरु गर्नुभएको छ ।

पछिल्लो समय युक्रेनी सेनाले रुसी सेनालाई भगाउँदै कब्जा गरेका विभिन्न ठाउँका भूमि फिर्ता गरिरहेको छ । जेलेन्स्कीले हिजो इज्युम सहरमा पुगेर सेनालाई धन्यवाद दिएको तथा ठाउँठाउँमा युक्रेनी झण्डा फहराएको बीबीसीले जनाएको छ । उहाँले युक्रेनको एक इन्च भूमि पनि नछाड्ने र रुसले सन् २०१४ मा कब्जा गरेरको क्रिमिया पनि फिर्ता गर्ने बताउनुभएको छ । युक्रेन पछिल्लो समय पूर्वी युक्रेनमा आक्रामक बन्दै रुसले कब्जा गरेका भूमि फिर्ता लिइरहेको छ । खार्किभमा छोटो समयमै ८ हजार वर्ग किलोमिटरभन्दा धेरै भूमि फिर्ता लिइसकेको र अब पूर्वी डोनबास क्षेत्रमा निशाना बनाएर ठूलो र मुख्य सहर फिर्ता गर्ने अभियानमा रहेको खबरमा उल्लेख छ ।

तर युक्रेनले फिर्ता गरेको दाबी गरेका सहरमा पत्रकार र स्वतन्त्र अनुगमनकर्तालाई प्रवेश नदिएकाले यसको आधिकारिक पुष्टि गर्न भने नसकिएको बीबीसीले जनाएको छ ।

## चीनमा बस दुर्घटना हुँदा २७ जनाको मृत्यु, २० घाइते

चीनमा कोराना संक्रमितहरु चढेको बस दुर्घटना हुँदा २७ जनाको मृत्यु भएको छ । कोरोना संक्रमितहरुलाई क्वारेन्टाइन परिसरतर्फ लैजाँदै गरेको एउटा बस दुर्घटना हुँदा उनीहरुको मृत्यु भएको हो । चीनको दक्षिण-पश्चिमी कुईचौ प्रान्तमा आइतबार बिहान बस पल्टिएर भएको दुर्घटनामा २० जना घाइते भएका छन् ।

दुर्घटनापछि बेइजिङगको ‘शून्य-कोभिड’ नीतिलाई लिएर अधिकांश मानिसहरुले अनलाइन मार्फत आक्रोश समेत व्यक्त गरेका छन्। उक्त नीति अन्तर्गत ठूलो संख्यामा सर्वसाधारणको कोरोना परीक्षण र संक्रमितहरूको पहिचान गर्ने गरिएको जनाइएको छ । साथै केही थोरै संख्यामा मात्रै संक्रमित भेटिए पनि शहरभरी कडा लकडाउन गर्ने गरिएको छ । बस दुर्घटनामा पर्नुको कारण भने खुल्न सकेको छैन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# नेपालवाल प्लास्टको दशैं सौगात योजना

ड्राइमिक्स मोर्टार उत्पादक नेपालवाल प्लास्टले नेपालीहरुको महान चाड बडादशैंलाई लक्षित गरेर




“दशैं सौगात” नामक योजना बजारमा ल्याएको छ।

“निर्माण गुणस्तरमा, मोवाइल पकेटमा” नाराका साथ यो योजना असोज ३ गते देखि कार्तिक १३ गते सम्मको लागि संचालन गर्न लागिएको जनाएको छ। यस योजना अन्तर्गत, प्रत्येक ५२५ बोराको खरिदमा पक्का उपहार स्वरुप रियलमीको सी३० मोवाइल प्रदान गर्ने कम्पनीले जानकारी दिएको छ। यस योजनामा विशेषगरी कम्पनीका नयाँ तथा पुराना ग्राहकहरु प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ। नेपालवाल प्लास्टकावाल प्लास्ट, ब्रिकफिक्सो, ब्लक फिक्स, टाइलफिक्स प्लोर तथा टाइलफिक्स वाल गरी पाँचवटै उत्पादनमा यो योजना लागु हुने छ।

घर बनाउदा सिमेन्टको गुणस्तरमा निकै सजग हुने गरेको हामी बालुवाको गुणस्तरमा भने वेवास्ता हुने गरेका छौं। घर निर्माणमा बालुवाको गुणस्तर पनि उत्तिकै सजग हुनुपर्ने शिक्षालाई अझ विस्तृत रुपमा फैलाउन यो योजनाले महत्वपूर्ण भुमिका खेल्ने कम्पनीको अनुमान रहेको छ।

व्यस्त जीवनशैलीमा समयको बचत नै अमुल्यधन भएको कुरा पनि नर्कान नसकिने हुँदा, सबैभन्दा बढी समय लाग्ने निर्माणमा पनि कसरी समयको बचत गर्न बाँकी ६ पृष्ठमा


## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



धन बहादुर लामा
अध्यक्ष
जम्बला हर्बल प्रा.लि.



## हार्दिक शुभकामना

हाम्रा समस्त ग्राहक महानुभाव तथा देश विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई नेपालीहरुको महान पर्व बिजया दशमी, शुभ दीपावली नेपा सम्बत: छठ लगायत २०७९ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।



दर्पण तामाङ (बल)
अध्यक्ष
डिपी क्रेटिभ प्रा.लि परिवार
थ्रीडी वोर्ड, टु डि, स्टिकर,फ्लेक्स, स्टिल अक्षर, रोलिङ लेटर लगायत सेवाहरु रहेका छन्।
हामीलाई सम्झनुहोस्।
सम्पर्क: ९८६०१३३५३१ बागबजार, काठमाडौं



## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



सुर्दशन आर्याल
अध्यक्ष
लोकतान्त्रिक स्वमसेवी पार्टी



## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



पुर्ण बहादुर तामाङ (कान्छाराम)
महासमिति सदस्य
नेपाली कांँग्रेस



## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



दुर्गा अधिकारी (भमरकोटे)
पर्वतक राष्ट्रिय सुसेली मञ्च नेपाल परिवार



## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



बुद्धि बहादुर कार्की
प्रो.
रामेछाप पाचपोखरी निर्माण सेवा तथा बागमती प्रदेश कमिटी सदस्य तथा रामेछाप प्रदेश क सह इन्चार्ज



## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



राजकुमार कार्की
अध्यक्ष
नेपाल कुचो संघ

## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

N M A
नेपाल पर्वतारोहण संघ

नेपाल पर्वतारोहण संघ

## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किशनध्वज कार्की
अध्यक्ष
बेला मोटर्स प्रा.लि. परिवार

## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





बिजय बहादुर स्वाँर
अध्यक्ष
नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ

## हार्दिक शुभकामना

२०७९ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपाली दाजुभाई दिदीबहिनी साथीभाईहरुमा सु-स्वास्थ दिघायु एवं हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



डोलनाथ खनाल
अध्यक्ष
सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपाल





## संविधान दिवस भव्यरुपमा मनाऔं

*नेपालको संविधान कार्यान्वयनको सात बर्ष पुरा भएको छ ।*

- आवधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था यसका प्रमुख विशेषता हुन् ।
- संविधान दिवस असोज २, ३ र ४ गते भव्य रुपमा मनाऔं ।
- घरघरमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस